# वैदेशिक रोजगार छात्रवृत्तिसञ्चालन कार्यविधि, २०७१

वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ मिति२०७३।९।२२ मा विभागिय मन्त्रिस्तरबाट स्वीकृत ।
वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७४ मिति२०७४।५।१५ मा विभागिय मन्त्रिस्तरबाट स्वीकृत ।

**१. प्रस्तावना :**

वैदेशिक रोजगारका सिलसिलामा मृत्यु, अङ्गभङ्ग, अशक्त र वेपत्ता भएका कामदारका परिवारलाई आवश्यक पर्ने शैक्षिक छात्रवृत्ति प्रदान गर्ने सम्वन्धमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कल्याणकारी कोषवाट कामदारका छोराछोरीको शैक्षिक विकासमा सहयोग उपलब्ध गराउनवैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२ क को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ:**

२.१ यो कार्यविधिको नाम **'वैदेशिक रोजगार छात्रवृत्तिसञ्चालन कार्यविधि, २०७१'**रहेको छ ।

२.२ यो कार्यविधि स्वीकृत भएको मितिवाट लागू हुनेछ ।

**३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,:**

३.१ **'मन्त्रालय'** भन्नाले : श्रम तथा रोजगार मन्त्रालयलाई जनाउनेछ ।

३.२ **'बोर्ड'** भन्नाले : बैदेशिक रोजगार प्रवर्द्धन वोर्डलाई जनाउने छ ।

३.३ **'स्थानीय निकाय'** भन्नाले : स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकाय भनि उल्लेख गरेका निकायहरुलाई जनाउने छ ।

३.४ **'सचिवालय'** भन्नाले वोर्डको सचिवालयलाई जनाउने छ ।

३.५ **'कामदार'** भन्नाले वैदेशिक रोजगार पाउने नेपाली नागरिकलाई जनाउने छ ।

३.६ **'परिवारको सदस्य'** भन्नाले बैदेशिक रोजगारमा गै मृत्यु वा अङ्गभङ्ग वा अशक्त हुने कामदारको एकाघरका परिवारलाई जनाउने छ ।

**४. वैदेशिक रोजगार छात्रवृत्तिको उद्देश्य**

४.१ कामदारका बालबालिकाहरुका लागि शिक्षाको अवसर उपलब्ध गराउने ।



Executive Director

४.२ कामदारको पुनर्स्थापना कार्यका लागि सहयोग पुऱ्याउने ।

**५. वैदेशिक रोजगार छात्रवृत्तिको लक्षित वर्ग**

यस कार्यविधि वमोजिम छात्रवृत्ति पाउनका लागि वैदेशिक रोजगारमा गई मृत्यु भएका,अङ्गभङ्ग तथा अशक्त भई फर्केका कामदारका [१]...... विद्यालयस्तरका बालबालिकाहरुछात्रवृत्ति कार्यक्रमका लक्षित वर्ग हुनेछन् ।

**६. वैदेशिक रोजगार छात्रवृत्ति वितरणको कार्यक्षेत्र**

वैदेशिक रोजगार छात्रवृत्ति कार्यक्रम नेपालका सवै जिल्लाहरुमा लागू गरिने छ । पहिलो चरणमा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका वालवालिकालाई छात्रवृत्ति प्रदान गरिने छ ।

**७. छात्रवृत्तिको सीमा**

बोर्ड स्थापना भई वैदेशिक रोजगार कल्याणकारी कोषवाट रकम उपलव्ध गराउन शुरु गरेको मिति देखि [२]पिडितका सन्ततीहरु यसवाट लाभान्वित हुनेछन् ।

क) छात्रवृत्ति सहयोगलाई दुई समूहमा विभाजन गरिने छ : आधारभूत र माध्यमिक तह । यी फरक फरक शैक्षिक तहको लागि फरक फरक रकम निर्धारण गरिनेछ । एक विद्यार्थीलाई एउटा कक्षामा एक पटकका लागिमात्र सहयोग उपलव्ध गराईने छ ।

[३]क१) माथि खण्ड (क) बमोजिम छात्रवृत्ति सहयोग उपलव्ध गराउँदा सामुदायिक विध्यालयतर्फ पूर्व प्राथमिक कक्षा देखि बाह्र कक्षासम्म र संस्थागत विध्यालयतर्फ नर्सरी वा सो सरह देखि बाह्र कक्षासम्म अध्ययनरत विध्यार्थीलाई उपलव्ध गराईने छ ।

ख) पहिलो चरणमा मृतक कामदारका परिवारको तोकिएको प्रक्रिया पूरा गरेको एक विद्यार्थीलाई मात्र छात्र वृत्ति प्रदान गरिनेछ र उक्त परिबारमा छात्र र छात्रा भएमा छात्रालाई प्राथमिकता दिइनेछ । एक भन्दा वढी छात्रा भएमा सवैभन्दा माथिल्लो शैक्षिक योग्यता भएकालाई यो सहयोग उपलब्ध गराइनेछ । उक्त परिवारको छात्रवृत्ति पाई

---

१ वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा झिकिएको ।

२ वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा संशोधित ।

3 वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७४ द्वारा थप ।



Executive Director

रहेको एक सदस्यले विद्यालय तह पारगरेपछि त्यसै परिवारको अर्को विद्यार्थीलाई यो कार्यविधि बमोजिम सहयोग उपलब्ध गराइने छ ।

[४]यस खण्डमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि मृतक तथा शत प्रतिशत अशक्त कामदारका विद्यालयतहमा अध्ययन गरिरहेका सबै सन्ततीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

ग) यस कार्यविधिको दफा ८ वमोजिम पर्न आएको निवेदन बमोजिम आधारभूत तहका लागि वार्षिक [५]रु.८,०००।- (आठ हजार र माध्यमिक तहका लागि वार्षिक [६]रु.१२,०००।- (बाह्र हजार) निवेदकलाई छात्रवृत्तिको रकम उपलब्ध गराइने छ । [७].... ।

## ८. छात्रवृत्ति प्राप्तिको प्रकृया

क) यस कार्यविधिमा उल्लेख भए बमोजिमको परिवारका सदस्यले छात्रवृत्तिका लागि [८]वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयले सूचना प्रकाशित गरी तोकेको म्यादभित्र सम्बन्धित शैक्षिक संस्थामा ***अनुसूची १*** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

ख) निवेदन साथ निवेदकले निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ :-

१) श्रम स्वीकृतिको निस्साको प्रतिलिपि - (कामदारको)

२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - (निवेदकको संरक्षक)

३) मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि (कामदारको)

४) नाता प्रमाणपत्रको प्रतिलिपि (निवेदक र कामदार बीचको)

५) सम्बन्धित स्थानीय निकायकोसिफारिशको प्रतिलिपि

६) कामदार करार अवधिभित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात

---

[४] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थप ।

[५] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा संशोधित ।

[६] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा संशोधित ।

[७] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा हटाईएको ।

[८] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थपिएको ।

(७) [९]........... ।

(८) [१०]शत प्रतिशत अशक्तता भएको वा नियमावलीको नियम ४६ बमोजिमको बिशेषज्ञ समितिले शत प्रतिशत अशक्तता भनि सिफारिश गरेको प्रमाणित हुने कागजात,

स्पष्टिकरण : "अशक्तता सम्वन्धी प्रमाण" भन्नाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले प्रकाशित गरेको अशक्तताको सूचीमा परेको वा बिशेषज्ञ समितिले शत प्रतिशत अशक्तता भएको भनि गरेको सिफारिशलाई जनाउनेछ ।

ग) सम्वन्धित विद्यालयमा परेका निवेदनहरु उपर जाँचवुझ गरी सम्वन्धित विद्यालयले उपयुक्त ठहर गरेकोनिवेदनहरु ***अनुसूची २*** बमोजिमको ढाँचामा सिफारिश सहित सम्वन्धित जिल्ला शिक्षा कार्यालयमापठाउनु पर्नेछ ।

घ) छात्रवृत्तिका लागि पर्न आएका निवेदनहरु रितपूर्वक परेको छ छैन जिल्ला शिक्षा कार्यालयले जाँच गर्नेछ । जाँच गर्दा कुनै कागजात अपूग भए जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यालय मार्फत निवेदकवाट सो कागजात पेश गर्न लगाउने छ ।

ङ) यसरी प्राप्त विवरणहरु जिल्ला शिक्षा समिति [११]जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति ले गरेको निर्णयबमोजिम जिल्ला शिक्षा कार्यालयले संलग्न कागजात सहित ***अनुसूची ३***को ढाँचामा बोर्डको सचिवालयमा पठाउनु पर्नेछ । [१२]जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति लाई बैठक भत्ता र मसलन्द वापत निर्देशक समितिले तोके बमोजिम एकमुष्ट रकम उपलव्ध गराइनेछ ।

च) सचिवालयले प्राप्त विवरणहरु रुजु गरी ठीक ठहरेमा छात्रवृत्तिको रकम जिल्ला शिक्षा कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

छ) [१३].......... ।

---

[९] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा हटाईएको ।

[१०] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थपिएको ।

[११] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा रुपान्तरण गरिएको ।

[१२] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा रुपान्तरण गरिएको ।

[१३] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा हटाईएको ।

[१४](छ) जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विध्यालय मार्फत विद्यार्थीलाई नजिकको बैङ्कमा खाता खोल्न लगाई उक्त छात्रवृत्ति रकम दाखिला गरि सो भौचरको प्रतिलिपि जिल्ला शिक्षा कार्यालयमै पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ज) जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यार्थीले रकम पाउने सुनिश्चितताको लागि अनुगमन गरी भौचरको प्रतिलिपी वैदेशिक रोजगार प्रवर्धन बोर्डमा पठाउने र शिक्षा विभागलाई सो को जानकारी पठाउनु पर्नेछ।

## ९. छात्रवृत्ति प्रदानका लागि मापदण्ड

निम्न शर्तहरुको अधिनमा रही छात्रवृत्ति प्रदान गरिनेछ

क) छात्रवृत्ति - विद्यालय तहका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ । यस्तो छात्रवृत्ति [१५]१८ वर्ष मुनिका वालवालिकालाई मात्र उपलब्ध गराइनेछ।

ख) सरकारी र सामुदायिक [१६]तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीले मात्र छात्रवृत्तिउपयोग गर्न पाउने छन्।

## १०.निर्देशक समिति

वैदेशिक रोजगार छात्रवृत्तिवितरण सम्बन्धी काम कारवाहीको अनुगमन गर्न, प्राप्त विवरण अध्ययन गर्न र मापदण्डमा समायानुकूल परिमार्जन गर्न देहाय वमोजिमको निर्देशक समिति रहने छ।

क) बोर्डको कार्यकारी निर्देशक - संयोजक

ख) श्रम तथा रोजगार मन्त्रालयको उपसचिव - सदस्य

ग) वैदेशिक रोजगार विभागको निर्देशक - सदस्य

घ) शिक्षा विभागको [१७]छात्रवृत्ति हेर्ने उपनिर्देशक - सदस्य

ङ) वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधि - सदस्य

च) श्रम तथा रोजगार मन्त्रालयको कानून अधिकृत (उप सचिव) - सदस्य

छ) बोर्डको निर्देशक - सदस्य सचिव

---

[१४] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थपिएको।

[१५] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा संशोधित।

[१६] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थपिएको।

[१७] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा संशोधित।

यस समितिको वैठक आवश्यकतानुसार वस्नेछ । समितिका पदाधिकारीले नियमानुसारकोवैठक भत्ता पाउने छन । यो समितिले आफ्नो कार्य सन्चालन गर्न आवश्यकतानुसार उप समिति गठन गर्न सक्नेछ ।

**११. व्यवस्थापन तथाअनुगमन**

क) यस कार्यविधि वमोजिम छात्रवृत्तिको कार्यक्रमलाई व्यवस्थापन गर्न वोर्ड सचिवालयले एक एकाईको स्थापना गर्नेछ ।

ख) स्थानीय निकायसँगको समन्वयमा सचिवालयलेछात्रवृत्तिकार्यक्रमको अनुगमन गर्नेछ

ग) अनुगमनवाट उक्त सहायता रकम कार्यविधिको उदेश्य विपरितका कार्यमा खर्च भएको पाइएमा वोर्डले त्यस्तो रकम रोक्का गरी सम्वन्धित व्यक्तिवाट सोधभर्ना गराउनु पर्नेछ ।

**१२. बाधा अडकाउ फुकुवा गर्ने**

१२.१ योकार्यविधि लागू गर्न कुनै बाधा अडकाउ परेमा बोर्डले निर्णय गरी बाधा अडकाउन फुकुवा गर्न सक्नेछ ।

१२.२ कार्यविधिको अनुसूचीमा निर्देशक समितिको सिफारिशमा मन्त्रालयले आवश्यक संशोधन/थपघट गर्नेछ ।

Executive Director

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको
बानेश्वर, काठमाडौं

# अनुसूची - १

(छात्रवृत्तिका लागिदिने निवेदनको ढाँचा)

(कार्यविधिको दफा ८ (क) सँग सम्वन्धित)

मिति ... ... ... ...

श्री प्रधानाध्यापकज्यू

...............................

**विषय : छात्रवृत्ति उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्वन्धमा मेरो (वुवा/आमा) नाताको (फलानो)................................... वैदेशिक रोजगारीकासिलसिलामामिति .......................... मा(फलानो) .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्तविरामीभएकाले परिवारको शैक्षिकविकासकालागि नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट प्राप्त हुँने छात्रवृत्ति दिलाईपाउँ ।

**संलग्न कागजातहरू**

क) श्रम स्वीकृतिको निस्साको प्रतिलिपि - (कामदारको)

ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - (अविभावकको)

ग) मृत्युदर्ताको प्रमाणपत्रवाअंगभंगवागंभीर विरामीभएको प्रमाणित गर्ने सरकारी मान्यताप्राप्तचिकित्सकको प्रमाणपत्रको प्रतिलिपि

घ) नाताप्रमाणित प्रमाणपत्रको प्रतिलिपि

ङ) वैदेशिक रोजगारीकासिलसिलामा मृत्यु वाअङ्गभङ्गभएको भन्ने सम्वन्धित स्थानीयनिकायको सिफारिश ।

**निवेदक**

नाम, थर :

ठेगाना:

फोन नं. :

कक्षा:

रोल नं. :

Executive Director

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
बानेश्वर, काठमाडौं

अनुसूची - २

(विद्यालयको सिफारिशको ढाँचा)

(कार्यविधिको दफा ८ (ग) सँग सम्वन्धित)

मिति ... ... ... ...

श्रीमान जिल्ला शिक्षा अधिकारीज्यू

जिल्ला शिक्षा कार्यालय,..................।

**विषय : सिफारिश सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस विद्यालयका छात्र/छात्रा श्री.....................................कक्षा ..... माअध्ययनरत रहेकोले निजलाई वैदेशिक रोजगार छात्रवृत्तिको लागि सिफारिश गरिन्छ ।

| सि. नं. | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | [१८]मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**संलग्नकागजात**

क) श्रम स्वीकृतिको निस्साको प्रतिलिपि - (कामदारको)

ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - (अविभावकको)

ग) मृत्युदर्ता वा अंगभंगवागंभीर विरामीभएको [१९]अशक्त प्रमाणित गर्ने सरकारी मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि

घ) नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

ङ) सम्वन्धित स्थानीय निकायको सिफारिस पत्र

प्रधानाध्यापक

[१८] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थपिएको ।

[१९] वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७३ द्वारा थपिएको ।

Executive Director

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

**अनुसूची -३**

(जिल्लाशिक्षाकार्यालयको सिफारिश ढाँचा)

(कार्यविधिको दफा ८ (ङ) सँग सम्वन्धित)

मितिः ... ... ... ...

श्री कार्यकारी निर्देशकज्यू

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड,

अनामनगर, काठमाण्डौं ।

**विषय : सिफारिश सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस जिल्लाका विभिन्न विद्यालयमा अध्ययनरत वैदेशिक रोजगारीमा मृत्युभएका÷पूर्ण अशक्त भएका निम्न परिबारका निम्न विद्यार्थीहरूलाई निम्न अनुसारको छात्रवृत्ति प्रदान गर्न उपयुक्त छ भनी विभिन्न विद्यालयबाट सिफारिस भई आएकोमा मिति ................मा सम्पन्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम निम्न विद्यार्थीहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधिले गरेको व्यवस्था बमोजिम छात्रवृत्ति रकम उपलब्ध गराउन उपयुक्त देखी निर्णयार्थ सिफारिस गरिन्छ ।

**संलग्नविवरण**

| सि. नं. | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

जिल्ला शिक्षा अधिकारी

Executive Director

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको
बानेश्वर, काठमाडौं